जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक ८ २०८० साल साउन १० गते बुधबार (26 July 2023 Wednesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : भदौदेखि देशभरका यातायात.. ३ पृष्ठमा : गत आवमा रु ७८ करोडको... ३ पृष्ठमा : बीस वर्षपछि महिलालाई ...

# उपेन्द्र यादव, दिनेश यादवसहित ४५ जनालाई १५ हजार जरिवाना

## जरिवाना नबुझाए एक निर्वाचनमा भाग लिन नपाउने

**दैनिक समाचारदाता**
**राजविराज, ९ साउन ।**

निर्वाचनको खर्च विवरण सार्वजनिक नगर्ने उम्मेदबारहरुलाई निर्वाचन आयोगले १५ हजार जरिवाना गर्ने निर्णय गरेको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचनमा सप्तरीबाट जसपा अध्यक्ष उपेन्द्र यादव, नेपाली काँग्रेसका दिनेश कुमार यादव, जनमत पार्टीका अनिस अंसारीसहित ४५ जना उम्मेदवारले खर्च विवरण सार्वजनिक नगरेको विज्ञप्तिमा उल्लेख छ ।

त्यस्तै प्रदेशसभा सदस्य निर्वाचनमा जसपाका शैलेन्द्र प्रसाद साह, स्वतन्त्र अनिरुद्ध कुमार सिंह, जसपाका अभिषेक यादव, लोसपाका गजेन्द्र कुमार मण्डल लगायत ८३ जना छन् ।

सात वटै प्रदेशमा उम्मेदवार बनेकाहरुले आयोगले तोकेको समय अवधी २०८० बैशाख ४ गतेको निर्णयानुसार निर्वाचन खर्चको विवरण सार्वजनिक गरी सोको जानकारी दिन निर्देशन दिइएकोमा तोकिएको समयावधि भित्र निर्वाचन खर्चको विवरण सार्वजनिक नगरेकाहरुको नामावली सार्वजनिक गरिएको आयोगद्वारा मंगलबार जारि विज्ञप्तिमा उल्लेख छ ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलद्वारा जारि विज्ञप्तिमा जरिवाना लागेका उम्मेदवारले ३५ दिन भित्र राजश्व दाखिला गरी सोको भौचरसहितको निवेदन निर्वाचन आयोग वा सम्बन्धीत निर्वाचन कार्यालयमा पेश गर्न आदेश दिने वा निर्वाचन खर्चको विवरण ७ दिनभित्र सार्वजनिक गरी सो को जानकारी सम्बन्धीत निर्वाचन कार्यालयमा ७ दिनभित्र निवेदन सहित पेश गर्न पुनः आदेश दिने निर्णय भएको उल्लेख छ ।

सोही विज्ञप्तिमा जरिवाना वापतको रकम तोकिएको समयभित्र नबुझाउने उम्मेदवारहरुलाई तत्काल हुने एक निर्वाचनमा भाग लिन नपाउने गरी रोक लगाउने र जरिवाना वापतको रकम सरकारी बाँकी सरह असुल उपर गर्न केन्द्रिय तहसिल कार्यालमा लेखी पठाउने निर्णय भएको जनाइएको छ ।

# आगलागिमा लाखौंको क्षति

**दैनिक समाचारदाता**
**राजविराज, ९ साउन ।**

सप्तरीको बोदेबर्साईन नगरपालिका ३ साररसर टोलमा सोमबार विद्युत सट भई आगलागि हुँदा लाखौं मुल्य बरारबको क्षति भएको छ ।

स्थानिय मो. हसमतको घरमा विधुतको तार सट भई अचानक आगलगि हुँदा लत्ताकपडा, अन्नखाधान्न लगायत गरि ७ लाख १९ हजार मुल्य बराबरको धनमाल जलेर क्षति भएको प्रहरीले जनाएको छ ।

ईलाका प्रहरी कार्यालय बोदेबर्साईन सप्तरीको टोलि, स्थानिय बासी र प्रहरीको सहयोमा उक्त आगो नियन्त्रणमा जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# करेन्ट लागेर मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ९ साउन ।**

सप्तरीको राजगढ गाँउपालिका वडा नं. ६ मा खेतमा पानी पटाउनका लागि मोटर जडान गर्ने क्रममा एक किसानका मृत्यु भएको छ ।

जगाई टोल बस्ने नारायण मण्डलका ३५ वर्षिय छोरा उमेश मण्डलको करेन्ट लागेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार मोटरबाट पानी तानि खेतमा लगाउने क्रममा उक्त मोटरबाट करेन्ट लागि निजलाई तत्काल उपचारका लागी गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजमा ल्याउँदा मृत्यु भएको हो ।

# गौर हत्याकाण्ड बिरुद्ध आन्दोलन घोषणाका बीच प्रभु साहविरुद्ध प्रदर्शन

**दैनिक समाचारदाता**
**राजविराज, ९ साउन ।**

गौर हत्याकाण्ड पीडित संघर्ष समितिले दोषीलाई कारबाहीको माग गर्दै साउन १ गते गौरमा प्रदर्शन गरेको थियो । उक्त समितिले २०६४ चैत ७ मा भएको गौर हत्याकाण्डका मुख्य दोषी जसपा अध्यक्ष उपेन्द्र यादव




रहेको दाबी गर्दै दोषीहरूमाथि कारबाही गरेर न्याय दिन संघर्षको कार्यक्रम सार्वजनिक गरेको हो ।

पीडित संघर्ष समितिका अध्यक्ष रुपसागर देवी हुन् । उनकै नेतृत्वमा १७ वर्षपछि पुनः आन्दोलन सुरु भएको छ । घटनाका दोषीहरूमाथि

*बाँकी दुई पृष्ठमा*

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

विगत १५ वर्ष देखी संचालन हुदै आएको
ओभरसियरी क्याम्पस
( CTEVT बाट मान्यता प्राप्त )

डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ
( ३ बर्षे )

न्यूनतम योग्यता : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षाको स्तरिकृत अंक समग्रमा न्यूनतम १.६ जि. पि. ए. वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।
फारम भर्ने अन्तिम मिति : २०८० श्रावण १२ गते सम्म ।

सम्पर्क :
सफटेक इन्जिनियरिङ कलेज
रुपनी रोड, राजबिराज-८ (सप्तरी)
फोन नं.-०३१-५३०८३१, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

CTEVT बाट मान्यता प्राप्त
जगदम्बा मेडिकल इन्स्टिच्यूट
राजविराज

संचालित कार्यक्रमहरु

डिप्लोमा तह
H.A. (सामान्य चिकित्सा)
अवधी : ३ वर्षे

V-JTA भेटनरी जे.टी.ए.
१८ महिने
P-JTA बाली विज्ञान
१८ महिने

भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

प्रवेश परिक्षा मिति : २०८०/४/२४ गते

आजै सम्पर्क गर्नुहोस्
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५३१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय

### व्यापारीको समस्याप्रति तीनै तहका सरकार गम्भिर बन

मुलुकभर उद्योग व्यापार धरासय बनिरहेको अवस्था छ। कतिपय उद्योग बन्द भइसकेको छ भने अधिकांश घाटामा चलिरहेको छ। त्यस्तै व्यापारीहरु आफ्नो पसल बन्द गरिसकेका छन्। देशको आर्थिक अवस्था तथा बैंकको ऋृण र त्यसको ब्याज तिर्ने अवस्था नरहेको भन्दै उनीहरु त्रसित छन्। सप्तरीकामा उद्योगहरु बन्द हुने अवस्था पुगेको छ भने व्यापार अवस्था समेत दयनिय बन्दै गएको छ। बैंकहरुले ऋृणको ब्याज दोब्बर गर्नु र विभिन्न नाकाहरुबाट चोरी निकासी भई जिल्लामा सामानहरु भित्रिनुले व्यापार चौपट बन्दै गएको छ। स्थानिय बजारमा व्यापारको अवस्था खस्किदो छ।

यसरी जिल्लामा उद्योग संचालन तथा व्यापार गर्न निकै समस्या भइरहेको छ। यसका लागि प्रशासन कार्यालय तथा सुरक्षा निकायले नाकाहरुमा कडाई गर्नु पर्ने अवस्था रहेको छ। नियमपूर्वक सामानहरुको ढुवानी गर्दा समेत अवैध भनेर यता प्रहरी प्रशासनले ती सामानहरु ट्रकसहित राजश्व कार्यालय पुर्‍याउने गर्दा उद्योग व्यापारीहरु झनै मारमा पर्ने गरेका छन्। एकातिर नाकाहरुबाट भन्सार छलेर ल्याउने सामान, प्रहरी प्रशासनको ज्यादती तथा बैंकको ब्याज दरका कारण उद्योगी व्यापारीहरु थप मारमा परेका छन्। विगतको भन्दा १० प्रतिशतमा व्यापार झरेको छ भने ३० प्रतिशतमा उद्योगबाट उत्पादन हुने गरेको छ।

तसर्थ यस्ता समस्याप्रति तीनै तहका सरकार गम्भिर बनी एउटा ठोस निकास निकाल्न पहल आवश्यक छ भने बैंकले ब्याज दर बारे पुनःविचार गर्नु पर्ने जरुरी देखिन्छ।

# भदौदेखि देशभरका यातायात कार्यालयमा अनलाइन सेवा सुरु गरिने

काठमाडौँ, ९ साउन (रासस)।

भदौदेखि देशभरका सबै यातायात कार्यालयको सेवा अनलाइन प्रविधिमार्फत प्रदान गरिने भएको छ। यातायात क्षेत्र सुधारका लागि सङ्घीय सरकार र सात प्रदेशका मन्त्री र सचिवको बैठकले ११ बुँदे सामूहिक घोषणपत्र जारी गर्दै अनलाइन भुक्तानीसहितको विद्युतीय सेवा लागू गरिने निर्णय गरेको हो। चालक अनुमतिपत्रसम्बन्धी सेगमेन्टलाई प्रविधिमैत्री बनाउन र यातायात कार्यालयहरूमा देखिने भीड हटाउन आगामी भदौ महिनादेखि सबै यातायात कार्यालयमा विद्युतीय सेवा विस्तार गर्न लागिएको हो ।

हाल गण्डकी प्रदेशको पोखरामा मात्र यो सेवा सञ्चालनमा छ। उक्त कार्यालयमा अनलाइन सेवा सफल र प्रभावकारी भएपछि देशभर लागू गर्न लागिएको घोषणापत्रमा उल्लेख छ।

इम्बोष्ट नम्बर जडानलाई पनि प्राथमिकता दिइने निर्णय गरिएको छ। सरकारी सवारी साधनमा पहिले इम्बोष्ट नम्बर अनिवार्य गर्ने र त्यसपछि निजी र सार्वजनिक सवारी साधनमा पनि लागू गर्ने गरी तयारी थालिएको छ। इम्बोष्ट नम्बर जडान नभए उसको नवीकरण रोक्नेसम्मको निर्णय भएको घोषणापत्रमा उल्लेख छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सातै प्रदेशका प्रदेश सरकारले यातायात क्षेत्र सुधारका लागि धुलिखेल घोषणापत्र जारी गरेका हुन्। यातायात क्षेत्र सुधार र कार्यान्वयन योजना बनाउन भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला,सातै प्रदेशका यातायातमन्त्री, सचिव र दुई प्रदेशका मुख्यमन्त्रीसहित काभ्रेको धुलिखेलमा बैठक भएको थियो।

दुई दिनसम्म चलेको बैठकले यातायात क्षेत्रका समस्या पहिचान गरी ती समस्या मिति नै तोकेर समाधन खोज्नेगरी घोषणापत्र जारी भएको मन्त्री ज्वालाले बताउनुभयो। यातायात क्षेत्रको रोग पत्ता लगाएर उपचारको विधि पनि तत्काल सुरु गर्ने गरी घोषणापत्र जारी गरिएको उहाँको भनाइ थियो। मन्त्री ज्वालाले भन्नुभयो, "यातायात क्षेत्रमा अहिले गरिएका निर्णयहरू कोसेढुङ्गा साबित हुने विश्वास हामीले लिएका छौँ।"

यातायात व्यवस्था विभागबाहेक सबै कार्यालयहरू प्रदेश मातहत छन्। सङ्घीय सरकारले ऐन, कानुन र अन्य कुराको सहजीकरण गर्छ भने प्रदेश सरकारले कार्यान्वयन गर्दछ। कानुन बनाउने र लागू गर्ने केन्द्र र प्रदेश सरकारबीचको एउटा महत्वपूर्ण समन्वय बैठक सम्पन्न भएको यातायात व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो।

समन्वय बैठकमा मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव र लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरी सहभागी हुनुहुन्थ्यो। यी दुई प्रदेशको यातायात मन्त्रालय मुख्यमन्त्रीसँग भएका कारण उहाँहरू उपस्थित हुनुभएको हो। अन्य प्रदेशबाट यातायातमन्त्री र सचिवको सहभागिता थियो भने भौतिक पूर्वाधार मन्त्रालयका सचिव केशवकुमार शर्मा, सहसचिव अर्जुनजङ्ग थापा, रघुराम बिष्टलगायतको पनि सहभागिता थियो।

सो बैठकले सवारी चालक अनुमतिपत्र, स्मार्ट चालक अनुमतिपत्रको छपाइ, इम्बोस्ड नम्बर प्लेट, पुराना सवारी साधनको लगत कट्टा, राइड शेयरिङ, विदेशी सवारी चालकको नेपालीकरण, वैज्ञानिक भाडादर निर्धारणजस्ता विषयमा समन्वय गरेर काम गर्ने निर्णयसमेत गरेको छ।

# पत्रकारिताले आफ्नो धर्म छाड्नु हुँदैन : अध्यक्ष बस्नेत

काठमाडौँ, ९ साउन (रासस)।

प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले समाज र जनताप्रति पत्रकारिताको ठूलो दायित्व हुने भएकाले आफ्नो धर्म छाड्न नहुने धारणा राख्नुभएको छ।

नेपाल प्रेस काउन्सिलले आज यहाँ आयोजना गरेको पत्रकार आचारसंहिता कार्यान्वयनको २८औँ शृङ्खलामा अध्यक्ष बस्नेतले समाजप्रति जिम्मेवारी निर्वाह गर्दै पत्रकारिताले आफ्नो धर्म निर्वाह गर्नुपर्ने बताउनुभयो। उहाँले राज्य र अन्य निकायले नसुनेका समस्या सञ्चारमाध्यमले उजागर गर्नुपर्नेमा जोड दिनुभयो।

"सरकार र विभिन्न क्षेत्रले नसुनेका कुराहरू सञ्चारमाध्यममा आइदिए हुने थियो भन्ने धेरैको चाहना हुन्छ, सत्य कुरा बाहिर ल्याउनका लागि सञ्चारमाध्यमको भर परेका हुन्छन्", उहाँले भन्नुभयो, "पत्रकारिताले आफ्नो धर्म छोड्यो र आचारसंहिताको पालना नगर्ने हो भने समाज र जनताले गरेको विश्वासप्रति ठूलो धोका हुन्छ।"

छापा सञ्चारमाध्यमलाई परिष्कृत गर्दै डिजिटल माध्यमलाई समृद्ध बनाउने अवस्थामा आइपुगेको हुनाले अनलाइन पत्रकारितालाई स्वागत गर्नुपर्ने समय भएको उहाँले उल्लेख गर्नुभयो। "डिजिटल मिडियाको विकल्प छैन, पत्रकार को हो ? भन्ने समाजमा प्रश्न उठिरहेको छ", उहाले भन्नुभयो, "युट्युवलगायतका सामाजिक सञ्जालका कारणले पत्रकार को हो भनेर प्रष्ट पार्न जरुरी देखिएको छ, त्यसबारेका काउन्सिलले गृहकार्य गरिरहेको छ।"

नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले नेपाली पत्रकारिता क्षेत्रलाई श्रम शोषणमुक्त क्षेत्र हो भन्ने भाष्य स्थापना गर्न जरुरी भएको बताउनुभएको छ। "अन्य क्षेत्रमा पनि श्रमको उचित मूल्य पाएका छैनन्, तर त्यो आवाज उठाउने सञ्चार क्षेत्रमा श्रमको शोषण हुनु हुँदैन", उहाँले भन्नुभयो, "अरूका लागि पनि आवाज उठाउने सञ्चार क्षेत्रमै समस्या भयो भने कसरी आवाज उठाउन सकिन्छ ?"

पत्रकारिताप्रतिको जनविश्वास अझ बढाउने गरी काम गर्नका लागि सञ्चारगृह सञ्चालकलाई आग्रह गर्दै उहाँले पत्रकारिताको स्तर खस्किन नदिने गरी काम गर्नुपर्ने र त्यसका लागि पत्रकारको क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

सञ्चार संस्था सञ्चालन गर्दा श्रमको सम्मान गर्दै आर्थिकरूपमा सक्षम भएर मात्र सञ्चारमाध्यम सञ्चालन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। साथै श्रमिकले काम गरेबापत पैसा लिन अदालतमा मुद्दा हाल्न जानुपर्ने अवस्था सही नभएको उहाँको भनाइ छ।

"मिडियामा काम गर्ने अनि पैसा लिन अदालतमा गएर मुद्दा हाल्नुपर्ने अवस्था छ", उहाँले भन्नुभयो, "अदालतले आदेश दिँदा पनि श्रमजीवि पत्रकारले पैसा नपाएको अवस्था देखिएको छ।" उहाँले श्रमिक र सञ्चालकबीच न्यायिक सम्बन्ध हुनुपर्नेमा जोड दिँदै त्यो भनेको श्रमको सम्मान भएको बताउनुभयो।

नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्षद्वय तारानाथ दाहाल र डा महेन्द्र विष्टले पनि पत्रकारले आचारसंहिताको प्रभावकारी कार्यावन्यन गर्नुपर्ने विषयमा आ-आफ्नो प्रस्तुति दिनुभयो।

काउन्सिलले पत्रकार आचारसंहिताको प्रभावकारी कार्यान्वयन र पालना गराउने उद्देश्य आज ४६ वटा अनलाइनका प्रकाशक र सम्पादकलाई अभिमुखीकरण गराएको छ। काउन्सिलले हालसम्म आठ सय ७६ अनलाइनलाई पत्रकार आचारसंहिताको कार्यान्वयन र पालनाका लागि अभिमुखीकरण गराइसकेको आचारसंहिता अनुगमन महाशाखाका प्रमुख रामशरण बोहराले जानकारी दिनुभयो।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

### गौर हत्याकाण्ड...

कारबाही गर्न समितिले साउन १६ गतेसम्मका लागि अल्टिमेटमसमेत दिएको छ। र, प्रशासनले कारबाही अगाडि नबढाए साउन १७ गतेदेखि रौतहट जिल्ला अनिश्चितकालिन बन्द गरिने चेतावनी दिइएको छ।

यो आन्दोलनमा रौतहटमा स्वतन्त्रबाट जितेका पूर्व माओवादी नेता तथा आम जनता पार्टीका अध्यक्ष प्रभु साहको समर्थन छ। उनले पनि गौर हत्याकाण्डमा उपेन्द्र यादव नै मुख्य योजनाकार बताउँदै कारबाही गर्नुपर्ने अभिव्यक्ति दिएका छन्।

उनको अभिव्यक्तिकै कारण रौतहटमा अर्को काउण्टर आन्दोलन सुरू भएको छ। जसपाले प्रभु साहलाई नै गौर हत्याकाण्डमा दोषी दाबी गर्दै ६ दलीय मोर्चालाई आन्दोलनमा उतारेको हो। प्रभु साहविरुद्ध आन्दोलन गर्न पूर्व प्रदेश सांसद रामसागर यादवको नेतृत्वमा २१ सदस्यीय समिति बनेको छ। समितिमा जनमत पार्टी, लोसपा, नेपाली काँग्रेस, नेकपा एस, जसपा र माओवादी केन्द्रका प्रतिनिधि समेत छन्।

समितिले मंगलबार गौरमा प्रभु साहविरुद्ध प्रदर्शन गरेको छ। विश्वहिन्दू परिषद् वीरगञ्जका अध्यक्ष काशिनाथ तिवारीको हत्यामा साहको संलग्नता रहेको भन्दै उनलाई पक्राउ गरी कारबाही अगाडि बढाउन समितिले माग गरेको छ।

# गत आवमा रु ७८ करोडको सिमेन्ट निर्यात

काठमाडौं, ९ साउन (रासस)।
गत आर्थिक वर्ष २०७९/८० मा नेपालबाट रु ७८ करोड बराबरको सिमेन्ट निर्यात भएको छ। भन्सार विभागका अनुसार गत आवमा तीन सिमेन्ट उद्योगले रु ७७ करोड ९३ लाख ६ हजार बराबरका १० लाख चार हजार २३ टन सिमेन्ट निर्यात भएको छ।

विभागका अनुसार गत आवमा रु ३५ करोड ८९ लाख ५१ हजार बराबरको छ लाख सात हजार ७३ मेट्रिक टन सिमेन्ट र रु ४२ करोड तीन लाख ५५ हजार बराबरका तीन लाख ९६ हजार ९५० मेट्रिक टन क्लिङ्कर निर्यात भएको छ।

हाल पाल्पा, अर्घाखाँची र बालाजी गरी तीन सिमेन्ट उद्योगले भारतमा सिमेन्ट निर्यात गरिरहेका छन्। साथै अन्य उद्योग निर्यातको तयारीमा छन्। गत असार २४ गतेदेखि पाल्पा सिमेन्टको 'तानसेन' ब्राण्ड भारततर्फ निर्यात सुरु भएको थियो। साथै असोज ३१ गतेदेखि अर्घाखाँची र जेठ २९ गतेदेखि बालाजी सिमेन्टले 'बाहुबली' र 'श्रृष्टी' ब्राण्डमा पिपिसी सिमेन्ट निर्यात सुरु गरेका थिए।

सरकारले सिमेन्ट र स्टीललगायत सामान निर्यातमा आठ प्रतिशत अनुदान र वार्षिक रु १० करोडभन्दाबढीको विद्युत् खपत गर्ने उद्योगलाई दुईदेखि १५ प्रतिशतसम्म महसुलमा छुट दिने घोषणा गरेपछि नेपाली सिमेन्ट उद्योगीले निर्यात सुरु गरेका हुन्।

सरकारले गत आर्थिक वर्षको बजेटमा छुटको घोषणा गरेसँगै नेपाली तीन समेन्ट तथा एक स्टील उद्योगले निर्यात गरेका हुन्। सिमेन्ट उत्पादक सङ्घले भारत सरकारबाट सिमेन्ट निर्यातमा गुणस्तर प्रमाणपत्रको पर्खाइमा धेरै सिमेन्ट उद्योग रहेको सङ्घले जनाएको छ। नेपाली सिमेन्ट उद्योगले भारत निर्यातका लागि भारत सरकारबाट गुणस्तरको प्रमाणपत्र लिनुपर्नेछ। नेपालमा सञ्चालित सिमेन्ट उद्योगसँग वार्षिक करिब दुई करोड २० लाख टन सिमेन्ट उत्पादन क्षमता छ।

# कोशी प्रदेश : सरकार गठनविरुद्धको रिट सुनुवाइ बुधबार हुने

काठमाडौं, ९ साउन (रासस)।
कोशी प्रदेश सरकार गठन असंवैधानिक भएको भन्ने प्रश्न उठाउँदै दायर गरिएको रिट निवेदनमाथिको सुनुवाइ पूर्ण इजलासमा हुने भएको छ।

न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई र तिलप्रसाद श्रेष्ठको पूर्ण इजलासमा मंगलबार सुनुवाइ हुँदाहुँदै समय नपुगेपछि बुधबारका लागि हेर्दाहेर्दैमा राखिएको हो।

न्यायाधीशद्वय सुष्मालता माथेमा र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले सोमबार उक्त रिटमाथिको सुनुवाइ पूर्ण इजलासबाट हुने आदेश दिएको थियो।

कोशी प्रदेशमा मुख्यमन्त्री नियुक्ति प्रक्रिया असंवैधानिक भएको उल्लेख गर्दै गत असार २२ गते निर्वतमान मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सर्वोच्च

*बाँकी अन्तिम पृष्ठमा*

# विषालु च्याउले मृत्यु हुन थालेपछि प्रदेशसभामा सरकारको ध्यानाकर्षण

सुर्खेत ९ साउन (रासस)।
कर्णाली प्रदेशका सदस्यहरूले विषालु च्याउको प्रयोगले मानिसको ज्यान जान थालेको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभएको छ। बैठकमा उहाँहरूले विषालु जङ्गली च्याउको प्रयोगबाट मानिसको ज्यान थालेको भन्दै सचेतना फैलाउनतर्फ ध्यानाकर्षण गराउनुभएको हो।

सदस्य पूर्ण खत्री चालिसेले दैलेखको गुराँस गाउँपालिका-१ मा जङ्गली च्याउ खाएर एकै परिवारका दुई जनाको मृत्यु भएको घटनाबारे चर्चा गर्नुभयो। मृतक परिवारको आर्थिक अवस्था निकै कमजोर रहेकाले राहत दिन सरकारलाई आग्रह गर्दै उहाँले भन्नुभयो, "गुराँस गाउँपालिका-१ मा एकै परिवारका दुईजना र छिमेकी परिवारका एकजना गरी तीन जनाको मृत्यु भएको छ, उनीहरूसँग काजकीरिया गर्ने रकमसमेत छैन। यसतर्फ म सम्मानित सदनमार्फत सरकारलाई जानकारी गराउछु।"

सदस्य घनश्याम भण्डारीले पनि विषालु च्याउ खाएर मृत्यु भएका परिवारलाई राहत र उपचार गरिरहेका व्यक्तिलाई सहयोग गर्नुपर्नेमा सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले भन्नुभयो, "वर्षायाममा जङ्गली च्याउको प्रयोग हुने गरेको तर कस्तो च्याउ खाने ? र कस्तो नखाने ?भन्ने विषयमा नागरिकहरूलाई सचेत गराउनु आवश्यक छ। अहिले उपचारमा रहेका व्यक्तिलाई सहयोग र मृतक परिवारलाई राहत दिन म संसद्मार्फत सरकारलाई ध्यानाकर्षण गराउँछु।"

सदस्य देवेन्द्र शाहीले लागुऔषध कारोबार र सेवनले कर्णाली आक्रान्त हुनाका साथै त्यसले समाजलाई समेत क्षति पुऱ्याएको छ भन्नुभयो। उहाँले लागू औषधको प्रयोगकै कारण जुम्लामा सात घर जलाइएकाले प्रदेश सरकारले कडा नियम बनाई यसको नियन्त्रणमा लाग्नुपर्नेमा जोड दिनुभयो।

बैठकमा आन्तरिक मामिला तथा कानुन मन्त्री कृष्ण जीसीले सरकारका तर्फबाट कर्णाली प्रदेश प्रतिष्ठान स्थापना र सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पेस गर्नुभयो। प्रदेशसभाको आजको बैठकमा कर्णाली प्रदेश संसदीय समितिको वार्षिक प्रतिवेदन पेस गर्नाका साथै छलफल पनि थालिएको छ।


## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खवर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**


## विश्व समाचार

### बीस वर्षपछि महिलालाई मृत्युदण्ड

सिङ्गापुर, ९ साउन (रासस/एएफपी)।
मृत्युदण्डलाई प्रभावकारी अपराध निरोधक दाबी गर्दै आएको सिङ्गापुरले लागुऔषध तस्करीमा दोषी ठहरिएका दुई जनालाई यसै साता मृत्युदण्ड दिने तयारी गरेको छ।

सरिदेवी जामानी भनेर चिनिने ४५ वर्षीया महिला र ५६ वर्षीय पुरुषलाई फाँसी दिन लागिएको अधिकारवादी सङ्गठन ट्रान्सफर्मेटिभ जस्टिस कलेक्टिभ (टिजेसी)ले जनाएको छ।

सिङ्गापुरले २० वर्षपछि पहिलोपटक महिलालाई झुन्ड्याएर मृत्युदण्ड दिन लागेको हो।

टिजेसीका अनुसार पचास ग्राम हेरोइन तस्करी गरेको अभियोगमा दोषी ठहर भएका ती पुरुषलाई बुधबार चङ्गी जेलमा र ३० ग्राम हेरोइन तस्करी गरेको अभियोगमा मृत्युदण्डको सजाय सुनाइएकी जामानीलाई शुक्रबार फाँसी दिइनेछ।

सन् २०१८ मा उनीहरूलाई मृत्युदण्डको सजाय सुनाइएको थियो। दण्ड पाउने दुवै सिङ्गापुरका नागरिक हुन्। उनीहरूका परिवारले उनीहरूको मृत्युदण्डको मिति निर्धारण गरिएको सूचना प्रदान गरिएको छ।

मानवअधिकारवादी संस्था एम्नेस्टी इन्टरनेशनलले निर्धारित मृत्युदण्ड रोक्न आग्रह गरेको छ। टिजेसीले पनि मृत्युदण्ड रोक्न आग्रह गर्दै आएको छ। सिङ्गापुरले लागुऔषध नियन्त्रणको नाममा मृत्युदण्ड दिने क्रम जारी राख्नु अनुचित भएको टिप्पणी एम्नेस्टीले गरेको छ।

विश्वका धेरै देशले मृत्युदण्डको सजाय परित्याग गर्दै लागू औषधसम्बन्धी मुद्दा सम्बोधनका निम्ति उदार नीति अङ्गीकार गरिरहेको परिप्रक्ष्यमा सिङ्गापुरले त्यसलाई मनन नगर्नु दुर्भाग्यपूर्ण भएको एम्नेस्टीले बताएको छ।

कोभिड-१९ को महामारीमा दुई वर्षको अन्तरालपछि सरकारले फाँसीको सजाय पुनःकार्यान्वयन गरेपछि कम्तीमा १३ जनालाई फाँसी भइसकेको छ।

### भवन भत्किँदा सैतिस जनाले ज्यान गुमाए

याउण्डे (क्यामरुन), ९ साउन (रासस/एएफपी)।
क्यामरुनको व्यापारिक केन्द्र दोउलास्थित एउटा चारतले भवन भत्कँदा ३७ जनाले ज्यान गुमाएका छन् भने अन्य २१ जना घाइते भएका छन्। भत्केको भवन अर्को आवासीय भवनमा खसेको थियो।

शनिबार र आइतबार राति उक्त घटना भएको क्षेत्रीय गभर्नरले एएफपीलाई बताए। घाइतेमध्ये पाँच जनाको अवस्था गम्भीर छ। मृतकको सङ्ख्या बढ्नसक्ने उल्लेख गर्दै उनले खोजी जारी रहेको बताएका छन्। स्थानीय अस्पतालका अनुसार भवनको भग्नावशेषबाट जीवित उद्धार गरिएका १३ जनाको उपचार भइरहेको छ। ती मध्ये एक तीन वर्षीया बालिका र १९ वर्षकी युवतीको मृत्यु भएको छ।

भवन भत्केको खबर पाउने वित्तिकै घटनास्थल पुगेका एक जना समाजसेवीले एउटा शिशुलाई बिना कुनै चोटपटक सकुशल उद्धार गरिएको बताएका छन्।

घटनास्थल पुगेको क्यामरुनका शहरी विकासमन्त्री सेलेष्टिन केचा कुर्टेसले भत्केको भवनका मालिकले बिना अनुमति घर बनाएको बताइन्।

### लोकसभा बैठकमा विपक्षीको विरोध

नयाँदिल्ली, ९ साउन (रासस/एएनआई)।
मणिपुरमा जारी हिंसाको विस्तृत विवरण सदनमा प्रस्तुत गर्नुपर्ने तथा मणिपुरका सम्बन्धमा प्रधानमन्त्री नरेन्द्र मोदीले वास्तविकता जानकारी गराउनुपर्ने माग गर्दै विपक्षी दलहरूले विरोध जारी राखेपछि लोकसभाको बैठक स्थगन भएको छ।

प्रश्नोत्तरको समय सुरु भएलगत्तै विपक्षी दलले विरोध गरेका थिए। सभामुख ओम बिरलाले विपक्षी सदस्यहरूलाई आफ्नो सिटमा बस्न आग्रह गर्दै प्रश्नोत्तरकालले सरकारको जवाफदेहितालाई व्यवस्थित गर्न मद्दत गर्ने भएकाले सदन सञ्चालन हुनुपर्ने तर्क गर्नुभयो।

उहाँले विरोधस्वरुप प्लेकार्ड देखाउनु र नारा लगाउनु कुनै पनि समस्याको समाधान नभएको बरु त्यो संसदीय परम्परा विरुद्ध भएको बताउनुभयो। साथै उहाँले अपराह्न दुई बजेसम्मका लागि सदन स्थगन भएको घोषणा गर्नुभयो।

कांग्रेस र अन्य विपक्षी दलहरूले मंगलबारको कार्यसूचीका विषयलाई हटाएर मणिपुरको स्थितिबारे छलफल गर्नुपर्ने र प्रधानमन्त्रीले जवाफ दिनुपर्ने माग गर्दै आएका छन्। यही साउन ४ गतेदेखि शुरु भएको संसद्को हिउँदे अधिवेशन प्रारम्भदेखि नै अवरुद्ध हुँदै आएको छ।

### आक्रमणको प्रतिकारमा तीन जना मारिए

नाब्लस (प्यालेस्टिनी क्षेत्र), साउन ९ (रासस/एएफपी)।
इजरायली सेनाले मङ्गलबार पश्चिम किनारको नाब्लस शहरमा तीन प्यालेस्टाइनीको हत्या गरेको प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले आरोप लगाएको छ।

नाब्लसमा इजरायली सेनाको गोली लागेर तीन जना प्यालेस्टिनीको मृत्यु भएको छ जनाउँदै मन्त्रालयले मारिएकाको पहिचान भइनसकेको बताएको छ।

सशस्त्र आतङ्ककारीले नाब्लसमा एउटा गाडीबाट आफ्ना सैनिकमाथि गोली प्रहार गरेपछि त्यसको प्रतिकारमा गोली चलाइएको इजरायली सेनाले स्पष्ट गरेको छ। सैनिक जवानले आतङ्ककारीबाट तीन थान एम-१६ राइफल, एउटा बन्दुक, कारतूस र अन्य सैन्य उपकरण बरामद गरेका सेनाले एक विज्ञप्ति निकालेर बताएको छ।

सन् १९६७ मा भएको छ दिन लामो युद्धपछि इजरायलले कब्जा गरेको पश्चिम किनारमा प्रायःसधैं हिंसाको घटना भइरहन्छन्। गत वर्षको सुरुदेखि यस क्षेत्रमा इजरायललाई लक्ष्य गरेर प्यालेस्टिनीले शृङ्खलाबद्ध आक्रमण गर्दै आएका छन्।

# एक व्यक्तिले जति पटक, जति जनाको हत्या गरे पनि २५ वर्षभन्दा बढी सजाय गर्न नमिल्ने सर्वोच्चको फैसला

कै व्यक्तिले फरक-फरक घटनामा एक भन्दा बढी व्यक्तिको हत्या गरेर जन्मकैदको सजाय भएमा के हुन्छ ? सजाय खप्टिन्छ या जन्मकैदबापत पाएको एकै सजायमा सबै सजाय मिनाहा हुन्छ ? न्यायाधीश नहकुल सुवेदी र प्रकाशमानसिंह राउतको इजलासबाट आएको फैसला अनुसार एक व्यक्तिले फरक(फरक घटनामा जति वटा हत्या घटना गरे पनि उसले 'जन्म कैद' वापत एक पटक मात्र जन्मकैदको सजाय भुक्तान गर्दा पुग्ने देखिन्छ ।

फैसलामा जन्मकैद बाचुन्जेलसम्म कैदमा बस्ने भन्ने मान्यता रहेको र नेपालको कानुन अनुसार हत्यामा २० वर्ष कैद सजाय तोकिएकाले जति वटा हत्या घटना भए पनि एक व्यक्तिलाई २० वर्षभन्दा धेरै कैद सजाय राख्न नमिल्ने व्याख्या गरिएको छ ।

फैसलामा 'प्रचलित कानूनमा दुईवटा मुद्दामा भएको फरक-फरक जन्मकैदको सजाय कार्यान्वयन गर्दा एउटा जन्मकैदको अवधि भुक्तान भएपछि अर्कोको गणना गर्नुपर्ने भन्ने स्पष्ट कानूनी व्यवस्था नभएको अवस्थामा एउटा जन्मकैदको सजाय भुक्तान गरेपछि अर्को जन्मकैदको सजायको अवधि गणना हुनेगरी सजायको कार्यान्वयन गर्नु प्रचलित कानून विपरीत हुनुका साथै व्यक्तिको वैयक्तिक स्वतन्त्रतामा गम्भीर आघात पुग्ने' उल्लेख गरिएको छ ।

सो फैसलाको नजिरबाट एक व्यक्तिले फरक-फरक घटनामा अनि फरक-फरक मितिमा हत्या गरे पनि एकै जन्मकैदको सजायमा गाभिने देखिन्छ । फैसलामा जन्मकैदलाई कसुरदार जिवित रहेसम्म काराबासमा रहेर सजाय भुक्तान गर्नुपर्ने सजायको रूपमा स्वीकार गरिएको छ । तर, मुलुकी ऐनलाई प्रतिस्थापन गरी २०७५ भदौ १ बाट लागू भएको मुलुकी अपराध संहिता २०७४ को दा ४१ मा खास कसुरमा मात्र कसुरदार जिवित रहेसम्म कैद गर्नुपर्ने व्यवस्था र सो बाहेकको अन्य मुद्दामा दफा ४२ अनुसार जन्मकैदको गणना गर्दा २५ वर्ष कैद सजाय हुने गरी गणना गर्नुपर्ने गरी दुई प्रकाको जन्मकैदको व्यवस्था गरेको उल्लेख छ ।

अपराध संहिताको दफा ४१ अनुसार क्रुर यातना दिई वा निर्ममतापूर्वक हत्या गरेको, प्लेन अपहरण गरी वा प्लेनमा विष्फोट गरेर हत्या गरेमा, अपहरण गरी हत्या गरेमा । सार्वजनिक रूपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हालेर हत्या गरेमा, कुनै जाति वा सम्प्रदायको अस्तित्व नै विनाश गर्ने गरी जाती हत्या गरेको वा गर्ने उदेश्यले कसुर गरेमा र बलात्कारपछि हत्या गरेमा कसुरदार बाचुन्जेल जेलमा बस्नुपर्ने कानूनी प्रावधान छ ।

उता अपराध संहिता अगाडि कारागार नियमावलीमा जन्मकैद भन्नाले २० वर्ष कैद गरिने उल्लेख छ । त्यसको आधारमा अपराध संहिता कार्यान्वयनमा आउनुपूर्वका घटनामा जन्मकैदको सजाय भएको हकमा २० वर्ष नै गणना हुने फैसलामा उल्लेख छ ।

जन्मकैदको कसुर गरेको कसुरदारले अन्य सजाय हुने कसुर गरेको हकमा जन्मकैद भएको हकमा अन्य सानो अवधिको सजाय नखप्टिने तर पहिलो मुद्दामा म्याद गुजारेर फरार भएको, कैद थुनामा बसेको, कैद वा थुनाबाट भागेको वा धरौटी जमानीमा तारिखमा बसेको अवस्थामा जन्मकैद हुने अर्को सजाय गरेको हकमा थप चार वर्ष कैद सजाय थपिनसक्ने उल्लेख छ ।

तर, फैसलाले एकै व्यक्तिलाई फरक(फरक मिति र फरक(फरक घटनामा जन्मकैद भए पनि एकै घटनामा गणना हुने ब्याख्या गरेको छ ।

**घटनाको पृष्ठभूमि**

राजकुमार श्रेष्ठमाथि २०६५ साउन २३ मा जगतबहादुर कुँवरको हत्या गरेको भन्दै काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भएको थियो । सो मुद्दा २०६७ असार २८ मा उनलाई जन्मकैद हुने फैसला भयो । सो फैसलाविरुद्ध सर्वोच्च अदालतसम्म पुनरावेदन पुग्यो र तीनै तहको अदालतबाट सजाय सदर भयो ।

उनी २०६५ असोज ११ मा पक्राउ परेका थिए । उनी पक्राउ परेको मितिबाट २० वर्ष कैदमा बस्नेगरी २०६८ भदौ १८ मा कैदीपुर्जी जारी भयो । उनीविरुद्ध अर्को हत्याको मुद्दा पर्यो धादिङमा । २०६५ भदौ २ मा धादिङ जिल्ला अदालतमा श्रेष्ठविरुद्ध रामबहादुर लामाको हत्या अभियोगमा अभियोग पत्र दायर भयो । उनीविरुद्ध हत्या र चोरीको अभियोग लागेको थियो ।

धादिङबाट पनि उनलाई हत्यामा जन्मकैद र १५ लाख जरिवाना अनि चोरीमा थप एक महिना सजाय हुने २०६९ चैत २१ मा फैसला आयो । पहिलो हत्या अभियोगमा उनको सजायको मिति २०८५ असोज ११ सम्म थियो ।

धादिङको समेत जन्मकैद गाभेर उनलाई २१०५ असोज १० गतेसम्म कैदमा राख्न अर्को कैदीपूर्जी जारी भयो । अनि श्रेष्ठ पहिलो कैदी पुर्जी खारेजी र आफूले ८ वर्ष कैद सजाय भोगिसकेको र यस्तो अपराधमा आठ वर्ष कैद सजाय भोगेका कैदीले बाँकी कैद छुट पाउने भन्दै बन्दी प्रत्यक्षीकरणको रिट बोकेर सर्वोच्च अदालत गएका थिए । अदालतले उनको बन्दी प्रत्यक्षीकरणको मागदावी स्वीकार गरेन । तर, एकै व्यक्तिलाई दुई मुद्दा जन्मकैदको फैसला भएर २०(२० गरेर खप्टिएको सजाय भने खारेज भयो । अदालतले एक मुद्दामा मात्रै जन्मकैद हुने ठहर गरेर उनको कैद म्याद २०८५ मात्र हुने र धादिङ जिल्ला अदालतले गरेको जन्मकैदको फैसला अनुसार २० वर्ष कैद नथपिने २०७९ चैत ८ मा फैसला गर्यो ।

## बाढी/पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# नक्कली भुटानी शरणार्थी प्रकरणमा ममाथि मिडिया ट्रायल गरियो : डा राणा

जनकपुरधाम, ९ साउन (रासस) ।

नेपाली कांग्रेस नेतृ तथा प्रतिनिधिसभा सदस्य डा आरजु राणा देउवाले नक्कली भुटानी शरणार्थी प्रकरणमा आफूमाथि 'मिडिया ट्रायल' गरिएको गुनासो गर्नुभएको छ ।

मंगलबार बिहान नेपाली कांग्रेस मधेस प्रदेश कार्यालयमा आयोजित पत्रकार तथा पार्टी कार्यकर्ता भेटघाट कार्यक्रममा डा राणाले सूचना र सञ्चारको युगमा मिडियाको भूमिका महत्वपूर्ण हुने भए पनि कहिलेकाहीँ मिडिया ट्रायलको नाममा व्यक्तिमाथि आक्रमण हुनेस्थिति चिन्ताको विषय भएको टिप्पणी गर्नुभयो ।

"कहिलेकाहीँ मिडियाबाट आक्रमण पनि हुन्छ । नक्कली भुटानी शरणार्थी प्रकरणमा ममाथि पनि त्यही भयो", उहाँले भन्नुभयो, "यस प्रकरणमा सयौं टेपमध्ये एउटामा मेरो नाम लिइएको रहेछ । त्यसैलाई उछालियो । टेपमा बोल्ने व्यक्तिले समेत उहाँलाई चिन्दिन र बोल्न लगाइएको हो भन्दाभन्दै पनि ममाथि मिडिया ट्रायल गरियो" उहाँले भन्नुभयो । उहाँले यस्ता मुद्दामा पार्टीले प्रतिरक्षाको रणनीति बनाउन जरुरी रहेको धारणा पनि राख्नुभयो ।

नेपाली कांग्रेस र कांग्रेसका नेताहरूले गरेका कामको प्रचारप्रसार नहुँदा जनतामा राम्रो सन्देश नगएको भन्दै डा राणाले मधेस प्रदेश नेतृत्वले सरकार र पार्टीमा रहँदा गरेका राम्रा कामको प्रचारप्रसारका लागि मिडिया रणनीति बनाउन जरुरी रहेको बताउनुभयो ।

उहाँले मधेस प्रदेशमा कुषोषणको स्थिति राष्ट्रिय सूचकाङ्कभन्दा निकै तल रहेकाले त्यसका लागि पार्टीका तर्फबाट सरकारमा गएका मन्त्रीहरूले काम र प्रचारप्रसार दुबै गर्न सुझाव दिनुभयो ।

कार्यक्रममा नेपाली कांग्रेसका नेता रामहरि खतिवडा, मधेस प्रदेश सभापति एवं प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री कृष्णप्रसाद यादव र स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री वीरेन्द्र सिंहका साथै पार्टीका नेता तथा कार्यकर्ताको सहभागिता थियो ।

***कोशी प्रदेश : सरकार...***

अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो ।

उक्त रिटमाथिको प्रारम्भिक सुनुवाइ गर्दै गत असार २७ गते न्यायाधीश सपनाप्रधान मल्लको एकल इजलासले कोशी प्रदेश सरकारका नाममा दूरगामी असर पर्ने गरी काम नगर्न र लिखित जवाफ पेस गर्न आदेश गरेको थियो ।

डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं
फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छ।
त्यसैले:
➢ खोला, धारा वा मुलको पानी सिधै नपिऔं।
➢ पानी उमालेर मात्र पिऔं।
➢ उमाल्न सम्भव नभएमा शुद्धीकरण गरेर मात्र पिऔं।
➢ पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*